# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, साउन २४ गते २०३४ साल

श्री ५ को सरकार

### उद्योग तथा वाणिज्य मन्त्रालयको

### सूचना

प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो नियमावलीमा "ऐन" भन्नाले प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ सम्झनुपर्छ ।

३. फर्म रजिष्टर गराउन दरखास्त दिनुपर्नेः प्राइभेट फर्म रजिष्ट्रेशन गराउन चाहने व्यक्तिले रजिष्टर गराउनु पर्ने फर्म वाणिज्यसम्बन्धी भए श्री ५ को सरकार, वाणिज्य विभागमा र उद्योगसम्बन्धी भए त्यस्को वर्गीकरण अनुसार श्री ५ को सरकार, उद्योग विभाग वा घरेलु तथा ग्रामीण उद्योग विभागमा पाँच रूपैयाँ दस्तूरसहित अनुसूची १ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ ।

४. रजिष्ट्रेशन दस्तूरः देहायबमोजिमको पूंजी भएको प्राइभेट फर्म रजिष्टर गर्दा देहायबमोजिमको रजिष्ट्रेशन दस्तूर लाग्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) रू. २०,०००।– सम्म पूंजी भएको फर्मलाई ---- ---- ---- रू. ४५।–

(ख) रू. २०,०००।– भन्दा बढी रू. ५०,०००।– सम्म पूंजी भएको फर्मलाई---- ---- ---- ---- ---- ---- ---- ---- --- रू. ६०।–

(ग) रू. ५०,०००।– भन्दा बढी रू. १,००,०००।– सम्म पूंजी भएको फर्मलाई ---- ---- ---- ---- ---- ---- ---- ---- --- रू. २२५।–

(घ) रू. १,००,०००।– भन्दा बढी रू. ३,००,०००।– सम्म पूंजी भएको फर्मलाई ---- ---- ---- ---- ---- ---- ---- रू. ६००।–

(ङ) रू. ३,००,०००।– भन्दा बढी रू. ५,००,०००।– सम्म पूंजी भएको फर्मलाई ---- ---- ---- ---- ---- ---- ---- ---- --- रू. १,५००।–

(च) रू. ५,००,०००।– भन्दा बढी रू. १०,००,०००।– सम्म पूंजी भएको फर्मलाई ---- ---- ---- ---- ---- ---- ---- रू. ३,०००।–

(छ) रू. १०,००,०००।– भन्दा बढी रू. ५०,००,०००।– सम्म पूंजी भएको फर्मलाई ---- ---- ---- ---- ---- ---- ---- --- रू. ४,५००।–

(ज) रू. ५०,००,०००।– भन्दा बढी जतिसुकै पूंजी भएको फर्मलाई-रू.६,०००।–

५. दरखास्तसाथ नागरिकताको प्रमाणपत्र र अन्य कागजात पेश गर्नु। पर्नेः प्राइभेट फर्म रजिष्ट्रेशन गराउन चाहने व्यक्तिले आफ्नो फर्म रजिष्टर गराउन दरखास्त दिंदा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र सम्बन्धित विभागले तोकेको अन्य कागजातहरू पेश गर्नु पर्नेछ ।

६. रजिष्ट्रेशन गर्नेः (१) नियम ३ बमोजिम दरखास्त परेपछि सम्बन्धित विभागले प्राइभेट फर्म खोल्न दिन मनासिब देखेमा विभागमा रहेको रजिष्टर किताबमा सो फर्म रजिष्टर गरी वाणिज्य विभागले भए अनुसूची २ बमोजिमको र उद्योग विभागले भए अनुसूची ३ बमोजिमको र घरेलु तथा ग्रामीण उद्योग विभागले भए अनुसूची ४ बमोजिमको प्रमाण-पत्र दिनेछ ।

(२) फर्म रजिष्ट्रेशन गर्ने सम्बन्धित विभागले तोकिदिएको हदसम्म पूंजी भएका फर्मलाई रजिष्टर गर्न सक्ने अधिकार कुनै कार्यालय वा अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

७. रजिष्ट्रेशन भएको प्राइभेट फर्मको अवधि र नवीकरणः (१) कुनै प्राइभेट फर्मको रजिष्ट्रेशन सो फर्म जुन आर्थिक वर्षमा रजिष्टर गरिएको हो सो आर्थिक वर्षको अन्त्यसम्म बहाल रहनेछ ।

(२) उप-नियम (१) बमोजिम प्राइभेट फर्मको रजिष्ट्रेशन बहाल रहने अवधि समाप्त भएको मितिले पैंतीस दिनभित्र अर्को आर्थिक वर्षको निमित्त काठमाडौं उपत्यकाको लागि भए सम्बन्धित विभागमा र अन्यत्रको लागि जिल्ला कार्यालयमा वा श्री ५ को सरकारले तोकेको अन्य कार्यालयमा दरखास्त दिई प्राइभेट फर्मको नवीकरण गराउनु पर्नेछ ।

(३) उप-नियम (२) बमोजिम नवीकरणको लागि दरखास्त दिने व्यक्तिले देहायको पूंजी भएको प्राइभेट फर्मको निमित्त देहायबमोजिमको नवीकरण दस्तूर बुझाउनु पर्नेछः–

(क) रू. २०,०००।– सम्म पूंजी भएको फर्मलाई ... मसान्तपछि मात्र लागु हुनेछ। रू. २५।–
400

(ख) रू. ५०,०००।– भन्दा बढी रू. १,००,०००।– सम्म पूंजी भएको फर्मलाई — रू. ४०।–

(ग) रू. १,००,०००।– भन्दा बढी ३,००,०००।– सम्म पूंजी भएको फर्मलाई — रू. ६०।–

(घ) रू. ३,००,०००।– भन्दा बढी ५,००,०००।– सम्म पूंजी भएको फर्मलाई — रू. ६०।–

(ङ) रू. ५,००,०००।– भन्दा बढी जतिसुकै पूंजी भएको फर्मलाई – रू. १५०।–

(४) उप-नियम (२) बमोजिमको म्याद नाघेपछि कुनै व्यक्तिले प्राइभेट फर्मको नवीकरणको लागि दरखास्त दिन आएमा नियम ७ को उप-नियम (२) मा तोकिएको अधिकारीले उप-नियम (३) बमोजिम लाग्ने दस्तूरमा देहायबमोजिमको थप दस्तूर लिई नवीकरण गरी दिन सक्नेछ :–

(क) उप-नियम (२) बमोजिमको म्याद नाघेपछिको आश्विन मसान्त सम्मको लागि— रू. ३५।–

(ख) खण्ड (क) को म्याद नाघेपछिको आषाढ मसान्त सम्मको लागि रू. १५०।–

८. विवरणमा हेरफेर गर्न सूचना दिनुपर्नेः कुनै प्राइभेट फर्मको धनीले आफ्नो फर्म रजिष्टर गराउँदा दिएको विवरणमा केही हेरफेर गर्न चाहेमा सो कुराको लिखित सूचना नियम ३ मा उल्लिखित अधिकारीछेउ दिनुपर्छ ।

९. प्रमाणपत्र लिन सकिनेः (१) नियम ६ बमोजिम प्रदान गरिएको रजिष्ट्रेशनको प्रमाण-पत्र हराएमा, नष्ट भएमा वा अन्य कुनै कारणबाट काम नलाग्ने भएमा वाणिज्यसम्बन्धी भए श्री ५ को सरकार, वाणिज्य विभाग र उद्योगसम्बन्धी भए श्री ५ को सरकार, उद्योग विभाग वा घरेलु तथा ग्रामीण उद्योग विभागमा प्राइभेट फर्मका धनीले निवेदन दिनुपर्नेछ ।

(२) उप-नियम (१) बमोजिम परेको निवेदनका व्यहोरा मनासिब देखेमा सम्बन्धित विभागले पाँच रूपैयाँ दस्तूर लिई रजिष्ट्रेशनको अर्को प्रमाण-पत्र दिनेछ ।

१०. नवीकरणसम्बन्धी विशेष व्यवस्थाः (१) यो नियमावली प्रारम्भ हुनुभन्दा अघि दर्ता वा नवीकरण भै २०३३ साल चैत्र मसान्तसम्म बहाल रहेका प्राइभेट फर्महरूको दर्ता वा नवीकरण आर्थिक वर्ष २०३३।३४ मा भए सरह मानी त्यस्तो फर्महरूको म्याद २०३४ सालको आषाढ मसान्तसम्म बहाल रहनेछ र २०३३ साल चैत्र मसान्त अगावै अर्को सालको निमित्त नवीकरण गरिएकोमा त्यस्तो नवीकरण आर्थिक वर्ष २०३४।३५ को निमित्त गरिएको मानिनेछ ।

(२) नियम ७ मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ हुँदा नवीकरण गर्न बाँकी रहेका प्राइभेट फर्महरूको हकमा नवीकरण गर्न बाँकी रहे जति वर्षको निमित्त २०३४ साल आश्विन मसान्तसम्ममा नवीकरणको लागि दरखास्त दिएमा नियम ७ को उप–नियम (३) मा तोकिएको दस्तूर सहित नवीकरण गर्नु पर्ने प्रत्येक वर्षको निमित्त पचास रूपैयाँ थप शुल्क समेत लगाई सोही नियमको उप-नियम (२) मा तोकिएको विभाग वा कार्यालयले प्राइभेट फर्महरूको नवीकरण गरी दिनसक्नेछ ।

११. खारेजीः प्राइभेट फर्म रजिष्ट्रेशन दस्तूर (संशोधन र एकीकरण) नियमहरू, २०१८ खारेज गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४०१

अनुसूची–१
(नियम ३ संग सम्बन्धित)

श्री निर्देशक,
उद्योग तथा वाणिज्य मन्त्रालय,
उद्योग, वाणिज्य विभाग ।
महोदय,

तल लेखिएबमोजिमको उद्योग व्यापार व्यवसाय गर्ने निम्नलिखित नामको प्राइभेट फर्म मेरो । हाम्रो नाममा रजिष्ट्रेशन गराउन इच्छुक भएकोले यो निवेदनपत्र पेश गरेको छु । छौं । लेखिएको व्यहोरामा कुनै कुरा झुट्ठा ठहरे प्रचलित नेपाल कानूनबमोजिम सहुँला बुझाउँला ।

१. फर्मको पूरा नामः–

२. फर्मको पूरा ठेगानाः–

३. उद्देश्यः–

४. पूंजीः–

५. कारोवार गर्ने चीज तथा कामको विवरणः–

६. प्राइभेट फर्मका धनी वा साझेदारहरूको तीन पुस्ते नाम, थर, वतन र हिस्साको अङ्क यो फर्मको काम नोक्सानी भएमा घर घरानाबाट व्यहोर्ने राजी हुने (हुनेहरू):– दरखास्तवाला (दरखास्तवालाहरू) को लेखात्मक र रेखात्मक दुवै औंठाको सहिछाप ।

दा. वा.

साक्षी

दरखास्तवालाको माथि लेखिएबमोजिमको नाम, थर, वतन ठीक दुरूस्त छ भनी सनाखत गर्ने ।

इति सम्वत २०३ साल गते रोज शुभम् ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–२
(नियम ६ संग सम्बन्धित)

श्री ५ को सरकार
उद्योग तथा वाणिज्य मन्त्रालय
वाणिज्य विभाग

प्रा.फा.नं.

प्रमाण–पत्र

निम्न लेखिएको विवरण भएको . . . . . . . . . . . सम्वत् २० साल गते रोज मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम रजिष्टर गरी यो प्रमाण–पत्र दिइएको छ।

विवरण

धनी (प्रोप्राइटर) को नाम, थर र वतनः–
फर्मको ठेगानाः–
पूँजी रू.

निर्देशक तथा नियन्त्रक

मुद्रण विभाग सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार
उद्योग तथा वाणिज्य मन्त्रालय
वाणिज्य विभागबाट
नवीकरण (रिन्यूवल) गरिएको

| मिति | नवीकरण गरिएको अवधि | दस्तूर बुझाएको रु. को भौचर नं. मिति | दस्तखत |
|---|---|---|---|

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–३

(नियम ६ संग सम्बन्धित)

श्री ५ को सरकार

उद्योग तथा वाणिज्य मन्त्रालय

उद्योग बिभाग

प्रा.फा.नं.

## प्रमाण-पत्र

. . . . . . . . . . . . .सम्वत् २०  साल

गते रोज  मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम रजिष्टर गरी यो प्रमाण–पत्र दिइएको छ ।

धनी (प्रोप्राइटरको) नामः–

ठेगानाः–

पूँजीः–

उद्देश्यः–

फर्मको ठेगानाः–

निर्देशक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

## नवीकरण (रिन्यू) गरेको प्रमाण–पत्र

| नवीकरण (रिन्यू) गर्ने कार्यालयको नाम | नवीकरण (रिन्यू) बहाल रहने मिति | नवीकरण (रिन्यूवल) दस्तूर भौचर नं. मिति | दस्तखत र मिति |
|---|---|---|---|
| | | | |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४०६

अनुसूची–४
(नियम ६ संग सम्बन्धित)

श्री ५ को सरकार
उद्योग तथा वाणिज्य मन्त्रालय
घरेलु तथा ग्रामीण उद्योग विभाग

प्रा.फा.नं.

प्रमाण–पत्र

. . . . . . . . . . . . . . सम्वत् २०३ साल गते रोज मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम रजिष्टर गरी यो प्रमाण–पत्र दिइएको छ ।

धनी (प्रोप्राइटर) को नामः–

ठेगानाः–

फर्मको ठेगानाः–

पूँजीः–

उद्देश्यः–

अश्वशक्तिः–

मितिः–

महानिर्देशक

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## नवीकरण गरेको प्रमाण

| नवीकरण गर्ने कार्यालयको नाम | नवीकरण गरेको मिति | नवीकरण दस्तूर भौचर नं. र मिति | दस्तखत |
|---|---|---|---|
| | | | |

आज्ञाले—
ईश्वरीलाल श्रेष्ठ
श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४०८